नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**(मानवश्रोत विकास विभाग, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौं ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति: २०७९/१०/२७ गते ।**

नेपाल प्रहरीमा रिक्त रहेको **प्रहरी कार्यालय सहयोगी** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक माग पद संख्या :-**

| क्र. सं. | विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ०१ (क) (०७९/८०) | प्रहरी कार्यालय सहयोगी (**भान्छे**) | ४५ | २ | ६ | ११ | १० | ५ | ३ | **८२** |
| २. | ०१ (ख) (०७९/८०) | प्रहरी कार्यालय सहयोगी (**हजाम**) | ८ | - | २ | २ | २ | १ | - | **१५** |
| ३. | ०१ (ग) (०७९/८०) | प्रहरी कार्यालय सहयोगी (**सिलाई/बुनाई**) | ५ | - | १ | २ | १ | १ | - | **१०** |
| ४. | ०१ (घ) (०७९/८०) | प्रहरी कार्यालय सहयोगी (**कुचिकार**) | १६ | - | ३ | ५ | ४ | २ | - | **३०** |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७९/११/०१ गतेदेखि २०७९/११/३० गतेसम्म, समय विहान १०:०० बजेदेखि कार्यालय समयसम्म ।

**३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू :-**

| क्र.सं. | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|
| १. | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ** । | ९८५२०९०१८० |
| २. | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (हाल सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) । | ९८५४०९०६०० |
| ३. | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली** । | ९८५४०४१७३३ |
| ४. | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की** । | ९८५६०६८१२१ |
| ५. | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही** । | ९८५७०९०४४४ |
| ६. | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगंज, बाँके**) । | ९८५८०९०११५ |
| ७. | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी** । | ९८५८४९००८४ |
| ८. | जिल्ला प्रहरी परिसर, **काठमाण्डौ** । | ९८५१२८३०१२ |
| ९. | जिल्ला प्रहरी परिसर, **ललितपुर** । | ९८५१२८३०१७ |
| १०. | जिल्ला प्रहरी परिसर, **भक्तपुर** । | ९८५१२८३०२० |
| ११. | जिल्ला प्रहरी कार्यालय, **(सबै)** । | सम्बन्धित जि.प्र.का.हरू |

**४. दरखास्त राजश्व (दस्तुर) :-**
दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.२०० (दुई सय) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.४०) का दरले थप दस्तुर लाग्नेछ ।

**५. उमेर हद :-** दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको ।

**६. आवश्यक न्यूनतम योग्यता :-**
(क) शैक्षिक योग्यता: साधारण लेखपढ गर्न जानेको,
(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
(ग) राजनैतिक दलको सदस्य नरहेको,
(घ) आतङ्ककारी संगठनको सदस्य नरहेको,
(ङ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,
(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(छ) उचाई, छाती र तौलः

- **पुरुष**- उचाई घटीमा ५ फिट, छाती ३१-३३, तौल ५० के.जी.
- **महिला**- उचाई घटीमा ४ फिट १० ईन्च, तौल कम्तीमा ४२ के.जी.

(ज) नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),

(झ) नेपाली नागरिक।

## ७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति।

(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाही र कपाल काटेको) ५ (पाँच) प्रति।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र।

(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति।

(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरीकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफरिस हुनु पर्ने। स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरीकता लिएको भएमा नागरीकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ।

(झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनि उम्मेदवार स्वयमले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

## ८. परीक्षा विधि :-

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता।

## ९. परीक्षा संचालन हुने स्थान :-

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| १. | जि.प्र.का. ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, झापा, मोरङ र सुनसरीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | १ नं.प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। |
| २. | जि.प्र.का.सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) |
| ३. | जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। |
| ४. | जि.प्र.का.गोरखा, लम्जुङ्ग, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी र बाग्लुङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की**। |
| ५. | जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। |

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| ६. | जि.प्र.का.रुकुम (पूर्व), रुकुम (पश्चिम), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत **(हाल नेपालगंज, बाँके)**। |
| ७. | जि.प्र.का.बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। |
| ८. | जि.प्र.परिसर काठमाण्डौ, ललितपुर, भक्तपुर, साथै जि.प्र.का.काभ्रे, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | काठमाण्डौ उपत्यका प्रहरी शिक्षालय, **महाराजगंज, काठमाण्डौ**। |

**नोटः-**

- विस्तृत स्वास्थ्य परीक्षण परीक्षामा उत्तीर्ण हुने सबै परीक्षा केन्द्रका सम्पूर्ण उम्मेदवारहरुको **प्रयोगात्मक परीक्षा र अन्तरवार्ता परीक्षा काठमाण्डौ उपत्यका प्रहरी शिक्षालय, महाराजगंज काठमाण्डौमा** सञ्चालन हुनेछ।

१०. **विशिष्टीकृत कार्य क्षेत्र तथा कामको प्रकृति :-** प्रहरी कार्यालय सहयोगी पदको हकमा विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति समावेश गरिएको हुँदा दरखास्त फाराम पेश गर्दा फाराम साथ संलग्न ***विशिष्टीकृत कार्य क्षेत्र चयन फाराम*** समेत भरि उम्मेदवारले आफ्नो इच्छा/चाहना तथा क्षमता अनुसारको कुनै १ (एक) कार्य क्षेत्र मात्र चयन गरी (✓) चिन्ह लगाउनु पर्नेछ।

| विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति | |
|---|---|
| भान्छे | प्रहरी मेशमा खाना पकाउने, भान्छा कोठा र भाँडाकुँडा लगायत अन्य सरसफाईको काम गर्नु पर्ने। |
| हजाम | प्रहरी कर्मचारीको कपाल काट्ने सम्बन्धी काम गर्नु पर्ने। |
| सिलाई/बुनाई | प्रहरी कर्मचारीहरुको पोशाक सिलाई बुनाई, कटाई गर्नुका साथै सिलाईसँग सम्वन्धित अन्य कार्यहरु गर्नु पर्ने। |
| कुचिकार | कार्यालय, शौचालय, स्नान गृह लगायतका कार्यालय कम्पाउण्ड समेतको सरसफाई गर्नु पर्ने। |

११. **सम्पर्क मिति तथा स्थान :-** मिति २०७९/१२/१० गते दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरूमा **प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा तालिका** प्रकाशन गरिने तथा नेपाल प्रहरीको वेभसाईट: *www.nepalpolice.gov.np* मा समेत सो सम्बन्धी जानकारी राखिने हुँदा सम्बन्धित उम्मेदवारहरुलाई सूचित गरिन्छ।

**पुनश्चः**

१. आवेदकले एक स्थानबाट मात्र दरखास्त फाराम दर्ता गर्नु पर्नेछ, दोहोरो दरखास्त दर्ता गरेको पाईएमा दरखास्त फाराम रद्द गरिनेछ।
२. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरीनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।
३. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरीनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरीनेछ।
४. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ।
५. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईट: *www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखि तोकिएको कार्यालयहरूमा पेश गर्न सकिने छ।

**मितिः- २०७९/१०/२७ गते।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना छनौट शाखा
नक्साल, काठमाण्डौ।